annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक ७३ पृष्ठ ८ | काठमाडौं, शुक्रबार २७ असार २०८२ | श्रावण कृष्णपक्ष प्रतिपदा नेपाल संवत् ११४५ | FRIDAY, JULY 11, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# ७ लाख विद्यार्थी बिदेसिए, ६ खर्ब बाहिरियो

देशमै नाम चलेका कलेज छन्, अन्तर्राष्ट्रिय स्तरका पढाइ हुन्छन्। र, पनि बर्सेनि लाखौं विद्यार्थी विदेश जान्छन्। मुलुकको युवा जनशक्ति मात्रै विदेश गइरहेको छैन, सँगसँगै अर्बौं रकम पनि विदेश जाने गरेको छ। पैसा र मानव संशाधन एकैसाथ बाहिरिनु चिन्ताको विषय भएको शिक्षाविद्हरू बताउँछन्। त्यसैकारण विद्यार्थीलाई स्वदेशमै अध्ययनका लागि आकर्षण गराउने र देश विकासमा युवा जनशक्तिलाई सहभागी गराउन राज्यले तत्कालै ठोस नीति र कार्यक्रम ल्याउनुपर्ने सरोकारवालाहरूको भनाइ छ।

समाचार पृष्ठ २

**ममता थापा** | *काठमाडौं*

– को रिपोर्ट




स्रोत : शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, २०८१

ग्राफिक्स: रामकृष्ण राना

## इजरायली आक्रमणमा ८ बालबालिकासहित १५ को मृत्यु



**गाजा** (एजेन्सी) : मध्य गाजाको एक मेडिकल पोइन्टनजिकै इजरायली आक्रमणमा आठ बालबालिका र दुई महिलासहित कम्तीमा १५ प्यालेस्टिनीको मृत्यु भएको त्यहाँको एक अस्पतालले जनाएको छ। अल-अक्सा सहिद अस्पतालले दिर अल-बलाह सहरमा 'सप्लिमेन्ट' लिनका लागि लाइनमा बसेकामाथि आक्रमण भएको बताएको छ।

अस्पतालको ग्राफिक भिडियोमा धेरै बालबालिका र अन्यको शव भुइँमा लडिरहेको देखाइएको छ। सोही समयमा चिकित्सकहरूले उनीहरूको घाउको उपचार गरिरहेका पनि जनाइएको छ। इजरायली सेनाले उक्त क्षेत्रमा हमास आतंकवादीलाई लक्षित गरेको बताएको छ। यसले संलग्न नभएका व्यक्तिहरूलाई कुनै पनि हानि भएकोमा पछुतो गरेको र घटना समीक्षाअन्तर्गत रहेको बताएको छ।

इजरायली र हमास प्रतिनिधिमण्डलहरूले दोहामा अप्रत्यक्ष वार्तामा नयाँ युद्धविराम र बन्धक रिहाइ सम्झौताका लागि वार्ता जारी राखेपछि बिहीबार गाजामा अन्यत्र आक्रमणमा २६ जनाको मृत्यु भएको बताइएको छ।

कतार र इजिप्टसँगै मध्यस्थकर्ताको रूपमा काम गरिरहेको अमेरिकाले व्यक्त गरेको आशावादको बावजुद, यी दुई राष्ट्र अहिलेसम्म सफलताको नजिक पुगेको देखिँदैन। अल-अक्सा अस्पतालको शवगृहमा, मृतकका आफन्तहरूले अन्त्येष्टि प्रार्थना गर्नुअघि मृतक बालबालिकालाई सेतो झोलामा बेर्दै कफनमा राखेर रोएको देखाइएको छ।

एक महिलाले बीबीसीलाई बताएअनुसार उनकी गर्भवती भान्जी मनाल र उनकी छोरी फातिमा पनि मारिनेहरूमध्येमा थिए। मनालको छोरा सघन हेरचाह एकाइमा थियो।

नजिकै उभिएकी अर्की महिलाले भनिन्, 'कुन पापका लागि उनीहरूलाई मारियो ? हामी सम्पूर्ण संसारको कान र आँखा अगाडि मरिरहेका छौँ। सम्पूर्ण संसारले गाजा पट्टी हेरिरहेको छ। यदि मानिस इजरायली सेनाद्वारा मारिएनन् भने पनि उनीहरू सहायता प्राप्त गर्ने प्रयासमा मर्छन्।'

# विकास खर्च ५९.१३ प्रतिशत मात्रै

## अन्तिम दिन ५० अर्बको दाखिला

**ममता थापा** | *काठमाडौं*

सरकारले चालु आर्थिक वर्षमा २ खर्ब ८ अर्ब ३४ करोड ३७ लाख रुपैयाँ विकास खर्च गरेको छ। जुन, लक्ष्यको ५९.१३ प्रतिशत मात्रै हो। चालु आवमा पुँजीगत खर्च (विकासतर्फ) ३ खर्ब ५२ अर्ब ३५ करोड ४० लाख रुपैयाँ विनियोजन थियो।

जबकि गत आर्थिक वर्षको सोही अवधिमा ५६.९७ प्रतिशत विकास बजेट कार्यान्वयन भएको थियो। अर्थात् १ खर्ब ७२ अर्ब ९ करोड २२ लाख रुपैयाँ खर्च भएको थियो। गत वर्षको तुलनामा चालु आवमा २.१६ प्रतिशतले बढी खर्च भएको छ। यससँगै रकमको आधारमा पनि ३६ अर्ब २५ करोड १५ लाख रुपैयाँ बराबर बढी खर्च भएको छ। यसपटक कुल विकास खर्चको रकम पनि गत वर्षभन्दा बढी थियो। आर्थिक वर्ष २०८०/८१ मा विकास खर्च ३ खर्ब २ अर्ब रुपैयाँ थियो। आव २०८१/८२ मा बढाएर ३ खर्ब ५२ अर्ब ३५ करोड ४० लाख पुर्‍याएको थियो।

चालु आवको विनियोजित विकास खर्च रकमको भुक्तानीका लागि दाखिला गर्ने अन्तिम मिति (असार २५ गते राति १२ बजेसम्म) थियो। यसअनुरूप सरकारले चालु आवमा लक्ष्यअनुसार खर्च गर्न नसक्दा १ खर्ब ४४ अर्ब रुपैयाँ फ्रिज भएको छ। हुनत सरकारले कहिल्यै पनि शतप्रतिशत खर्च गर्न सकेको छैन। औसत ६० प्रतिशत हाराहारीमा मात्रै खर्च गर्ने गरेको छ।



अर्थ मन्त्रालयका सहायक प्रवक्ता अम्बिकाप्रसाद खनाल यसपटक सरकारले गत वर्षभन्दा पुँजीगत खर्च बढी गर्न सफल भएको बताउँछन्। 'समग्र रूपमा सबै क्रियाकलाप गत वर्षको भन्दा सुधार भएको छ,' खनालले भने, 'असार २५ सम्म खर्च नभएको रकम फ्रिज भएको छ। वित्तीय उत्तरदायित्व ऐन, नियमावलीअनुसार सो अवधिपछि खर्च गर्न पाइँदैन। विकास खर्चदेखि राजस्व संकलन लक्ष्यअनुसार पूर्ण नभए पनि सकारात्मक छ,' सहायक प्रवक्ता खनालले अन्नपूर्णसँग भने।

- गत आवभन्दा ३६ अर्ब बढी खर्च
- अन्तिम दिन मात्रै ५० अर्ब ६५ करोडको दाखिला
- विनियोजित कुल साढे ३ खर्बमा १ खर्ब ४४ अर्ब 'फ्रिज'
- कुल १५ खर्ब ५ अर्ब खर्च हुँदा राजस्वमार्फत १० खर्ब ९७ अर्ब आम्दानी
- राजस्व संकलन लक्ष्यको ७७.३४ प्रतिशत हासिल

सरकारले असार २५ गतेसम्म भुक्तानीका लागि दाखिला गर्ने अन्तिम मिति तोके पनि पुँजीगत अनुदानमार्फत हुने खर्च थपिँदा असार मसान्तसम्ममा थप विकास खर्च देखिन सक्ने उनले जानकारी दिए। गत आवको असार मसान्तसम्म पनि पुँजीगत खर्चको रकम जोडिँदा विकास खर्च लक्ष्यको ६३.६४ प्रतिशत अर्थात् १ खर्ब ९१ अर्ब रुपैयाँ हाराहारी देखिएको थियो।

» बाँकी पृष्ठ ६

## 'एसियाली मुलुकमा राम्रो कर दर हुनसक्छ'

**वासिङ्टन** (एजेन्सी): अमेरिकी विदेशमन्त्री मार्को रुबियोले वासिङ्टनको व्यापार युद्धमा केन्द्रित आसियान वार्तामा भाग लिँदै एसियाली मुलुकहरूले बाँकी विश्वको तुलनामा 'राम्रो' कर दर प्राप्त गर्न सक्ने बताएका छन्।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले अगस्ट १ सम्म वासिङ्टनसँग सम्झौता नगरे २० भन्दा बढी देशमाथि दण्डात्मक कर लगाउने चेतावनीपछि रुबियोको मलेसिया भ्रमण भएको हो।

क्वालालम्पुरमा दक्षिणपूर्वी एसियाली राष्ट्रहरूको संगठन (आसियान) को बैठकका क्रममा रुबियोले भने, 'म यति भन्न सक्छु, सबै कुरा भनेजस्तो भयो भने दक्षिणपूर्व एसियाका धेरै देशहरूमा कर दरहरू वास्तवमा विश्वका अन्य भागहरूको तुलनामा राम्रो हुनेछ।' उनले भने, 'वार्ता जारी छ। अर्को साता जापानसँग वार्ता हुनेछ। यहाँ प्रतिनिधित्व गर्ने लगभग हरेक देशसँग निरन्तर वार्ता भइरहेको छ।'

राष्ट्रपति ट्रम्पले गत अप्रिलमा आफूले निलम्बन गरेको करसम्बन्धी अवधारणा नयाँ समयसीमाभित्र फिर्ता हुने बताएका छन्। उनले एसियाका २० भन्दा बढी देश करवृद्धिको पहिलो निर्णयको भागिदार बन्नेछन्। उनीहरूले २० देखि ५० प्रतिशतसम्म करको सामना गरिरहेका छन् र तामा आयातमा ५० प्रतिशत कर र फार्मास्युटिकल्समा सम्भावित २०० प्रतिशत शुल्क लागु गर्ने घोषणा ट्रम्पले गरेका छन्।

# कर फछ्र्योट आयोगविरुद्ध विशेष अदालतको फैसलामा गम्भीर कानुनी त्रुटि : सर्वोच्च

## 'पुन: फैसला गर्नू'

**दिनेश गौतम** | *काठमाडौं*

सर्वोच्च अदालतले कर फछ्र्योट आयोगविरुद्धको भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट गम्भीर त्रुटि भएको ठहर गर्दै फैसला बदर गरेको छ। न्यायाधीशद्वय शारंगा सुवेदी र टेकप्रसाद ढुंगानाको संयुक्त इजलासले विशेष अदालतले गरेको फैसलामा स्वच्छ सुनुवाइ, प्राकृतिक न्यायका सिद्धान्त तथा प्रमाण संकलन र मूल्यांकनको दृष्टिकोणबाट गम्भीर कानुनी त्रुटि विद्यमान देखिएको ठहर गर्दै फैसला बदर गरेको हो। मुद्दा सुनुवाइका लागि पुन: विशेष अदालतमै पठाउने आदेश मंगलबार भएको हो।

यो फैसलासँगै अदालतमा यदाकदा हुने न्यायिक विचलन र प्राकृतिक न्यायको सिद्धान्त विपरीतका आदेश/फैसला पनि सच्चिन्छन् भन्ने देखिएको छ। यसले अदालतको गरिमा अझ बढाएको छ। विशेष अदालतले कर फछ्र्योट आयोग-२०७१ का तत्कालीन पदाधिकारी अध्यक्ष लुम्बध्वज महत, सदस्यद्वय उमेशप्रसाद ढकाल र चूडामणि शर्मासहित तीन जनाले गैरकानुनी कर छुट दिएर भ्रष्टाचार गरेको ठहर गर्दै सजाय निर्धारण गरेको थियो। विशेष अदालतका तत्कालीन अध्यक्ष (न्यायाधीश) श्रीकान्त पौडेल, सदस्य (न्यायाधीश) द्वय यमुना भट्टराई र शालिग्राम कोइरालाको इजलासले कर फछ्र्योट आयोगका तीन



पदाधिकारीबाट ६ अर्ब १५ करोड ७० लाख रुपैयाँ भ्रष्टाचार भएको ठहर गरेको थियो। अदालतले २०८० जेठ १८ मा दोषी ठहर गरेको थियो। तर, सजाय निर्धारण भने २०८० असार ५ गते भएको थियो। विशेष अदालतका तत्कालीन अध्यक्ष पौडेल हाल सर्वोच्च अदालतमा न्यायाधीश छन्।

'विशेष अदालतले गरेको फैसलामा स्वच्छ सुनुवाइ, प्राकृतिक न्यायको सिद्धान्त तथा प्रमाण संकलन र मूल्यांकनको दृष्टिकोणबाट गम्भीर कानुनी त्रुटि विद्यमान देखिँदा उक्त फैसला बदर गरिदिएको छ', सर्वोच्च अदालतको लिखित फैसलामा भनिएको छ, 'अब मुद्दाका दुवै पक्षसँगको परामर्शमा विशेषज्ञको राय लिनुपर्ने विषय यकिन गरी निष्पक्ष र स्वतन्त्र विशेषज्ञको सूची बनाई प्रमाण ऐन, २०३१ र विशेष अदालत नियमावली, २०८० मा रहेको कानुनी व्यवस्थाको अवलम्बन गरी विशेषज्ञहरूलाई खुला इजलासमा शपथ गराई राय परामर्श गर्ने, त्यस्ता विशेषज्ञले व्यक्त गरेको रायलाई समर्थन वा खण्डन गर्ने अवसर प्रतिवादी र निजका कानुन व्यवसायीहरूलाई प्रदान गर्नु, नक्कली मूल्य अभिवृद्धि कर बिल बिजक प्रयोग गरेको भनी प्रश्न उठेका प्रश्नको सम्बन्धमा अन्य जो जे प्रमाण बुझ्न पर्छ बुझी पुन: फैसला गर्नु भनी प्रस्तुत मुद्दाको मिसिल विशेष अदालतमा पठाइदिने ठहर्छ।'

सर्वोच्चले सच्याउन र अब निरूपण हुने सबै कानुनी प्रश्नहरूमा पक्षहरूको एक तह पुनरावेदनमा आउन सक्ने कानुनी अधिकारको सम्मान र संरक्षण गर्नसमेत प्रस्तुत मुद्दामा विशेष अदालतबाट भएको फैसला बदर गरी मुद्दा पुन: इन्साफको लागि विशेष अदालतमा नै पठाउन न्याय प्रशासन ऐन, २०७३ को दफा १४ तथा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४४ मा रहेको कानुनी व्यवस्थाले समेत मिल्ने देखिएको उल्लेख गरेको छ। फैसलमा भनिएको छ, 'प्रस्तुत मुद्दा पुन: इन्साफका लागि विशेष अदालतमा पठाइने भएकोले वादी तथा प्रतिवादीहरूको तर्फबाट उठाइएका अन्य कानुनी प्रश्नको विवेचना र निरूपण गरिरहनु परेन।'

पुनरावेदक प्रतिवादीहरू लुम्बध्वज महत, उमेशप्रसाद ढकाल र चूडामणि शर्मा ढकाल हाल विशेष अदालतको फैसलाले लागेको कैद र जरिवाना भुक्तानीको क्रममा कारागार कार्यालयमा छन्। विशेष अदालतको फैसला बदर भएको स्थितिमा प्रतिवादीहरू महत, ढकाल र शर्माको प्रस्तुत मुद्दामा कानुनी हैसियत विशेष अदालतबाट फैसला हुनु पूर्वको अवस्थामा फर्कने भएको छ। तिनै जनाले विशेष अदालतमा जनही एक करोड ५० लाख बराबरको बैंक जमानत राखी मुद्दाको पुर्पक्ष गरिरहेका छन्।

» बाँकी पृष्ठ ६